# मिलनसार दैनिक
Milanshar Daily

वर्ष २३ अंक १९१ २०८० चैत्र ०६ गते मंगलबार **Milanshar Daily 2024 - 19 March - Tuesday** मूल्य रु. ५/- पृष्ठ संख्या-४


## जितपुरसिमरा क्रिकेट कप : कलैयाको सान्त्वना जित

सिमरा, ०५ चैत्र ।
जितपुरसिमरा टिट्वेन्टी क्रिकेट कप प्रतियोगिता अन्तर्गत सोमबार कलैया क्रिकेट क्लबले आयोजकमाथि फराकिलो जित हात पारेको छ । समूह “ए” को अन्तिम खेलमा कलैयाले जितपुरसिमरा स्पोर्टस् क्लबलाई ९ विकेटले पराजित गरेको हो ।



सेज क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ रोजेको आयोजकले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ८५ रन जोडेको थियो । आयोजकका लागि पुजन श्रेष्ठले २६, अजय पटेलले १२ रन बनाउँदा अन्य ब्याटरले दोहोरो संख्यामा रन बनाउन सकेनन् ।

आयोजकलाई सस्तोमा समेटने क्रममा कलैयाका शंकर पौडेल र अरनिको यादवले समान दुई-दुई विकेट लिए भने अनिलकुमार साह, कुमार थापा र मनु हवारीले एक-एक विकेट लिए । ८६ रनको लक्ष्य लिएर मैदानमा उत्रिएको कलैयाले ७.३ ओभरमै जित निकाल्यो ।

कलैयाको जितमा निरज यादवले बिष्फोटक ब्याटिङ गर्दै ५० रन बनाए । यादवले २२ बलमा पाँच चौका र चार छक्का प्रहार गरे । यसैगरी कलैयाका ओपनर साहिल पटेलले १६ र कप्तान त्रितराज दासले १० रन बनाए । आयोजकका लागि प्रभात लामाले एक विकेट लिए ।

टिमलाई सानदार जित दिलाएका निरज प्लेयर अफ दि म्याच घोषित भए । उनलाई जनता माध्यमिक विद्यालयका सहप्रध्यानाध्यापक बरुण गौतमले पुरस्कार वितरण गरेका थिए । आयोजकविरुद्ध सानदार जित हात पारे पनि कलैया प्रतियोगिताबाट बाहिरिसकेको छ । समूह “ए” बाट लगातार दुई खेल जित्दै चार अंकका साथ पर्सा क्रिकेट संघ फाइनलमा पुग्दा कलैया र आयोजक उपाधि होडबाट बाहिरिएका हुन् ।

कलैयाले आफ्नो पहिलो खेलमा आइतबार पर्सा क्रिकेट संघसँग पाँच विकेटको हार व्यहोरेको थियो । पहिलो खेलमा हार व्यहोरेको

***(बाँकी अन्तिम पृष्ठमा)***

## गृहमन्त्रीलाई तुरुन्त हटाउन राष्ट्रिय जनमोर्चाको माग

काठमाडौं, ०५ चैत्र ।
राष्ट्रिय जनमोर्चाले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई तुरुन्त पदबाट हटाउन माग गरेको छ ।

अध्यक्ष चित्रबहादुर केसीले सोमबार एक विज्ञप्ति जारी गरी लामिछाने गृहमन्त्री रहिरहँदा उनीसमेत आरोपित सहकारी ठगीको मुद्दा प्रभावित हुन सक्ने भन्दै तुरुन्त हटाउन माग गरेका हुन् ।

सूर्यदर्शन सहकारीका बचतकर्ताले पैसा फिर्ता नपाएको भन्दै प्रहरीमा सहकारीका पदाधिकारीसँगै रवि लामिछानेविरुद्ध पनि जाहेरी दिएका छन् ।



“गृहमन्त्री लामिछाने मुछिएको मुद्दाको छानबिन तथा अनुसन्धान गर्ने मन्त्रालयको उनलाई मन्त्री बनाउँदा त्यो कार्यबाट मुद्दा प्रभावित हुने खतरा हुन्छ । त्यसबाट सहकारीका पीडित बचतकर्ताहरुलाई अन्याय हुन जानेछ”, अध्यक्ष केसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

राजमोले रवि लामिछानेले राजीनामा दिनुपर्ने कांग्रेसको मागमा पनि समर्थन जनाएको छ । “नेपाली कांग्रेसले सहकारीको रकम ठगीमा मुछिएका व्यक्तिलाई गृहमन्त्री बनाएकोमा त्यो कार्यको कडा विरोध गरेको छ । नेकाले गृहमन्त्रीको राजीनामाको लागि उठाएको मागलाई हाम्रो पार्टी राष्ट्रिय जनमोर्चाले समर्थन गर्दछ”, केसीले भनेका छन् ।

उनले सहकारी ठगीको आरोपमा मुछिएका व्यक्तिलाई

***(बाँकी अन्तिम पृष्ठमा)***

## पर्साको ठोरीमा फेरि बाघको आक्रमणबाट एक महिलाको मृत्यु



वीरगन्ज, ०५ चैत्र ।
पर्साको ठोरीमा बाघको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ । बाघको आक्रमणबाट ठोरी गाउँपालिका-४ मालीबस्तीकी ४० वर्षीया कलावती सुवेदीको मृत्यु भएको ईलाका प्रहरी कार्यालय ठोरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक सन्तोष राईका अनुसार मालबस्ती गाउँ नजिकैको जंगल छेउमा घाँस काट्न गएका बेला सोमबार साँझ ४:३० बजेतिर जंगलबाट आएको बाघले आक्रमण गर्दा सुवेदीको मृत्यु भएको हो ।

आक्रमण गर्ने बाघ भने जंगलतिर भागेको स्थानीयले बताएका छन् । महिलाको शव पोष्टमार्टमका लागि वीरगन्जस्थित नारायणी अस्पतालमा पठाउने तयारी भइरहेको प्रहरी निरीक्षक राईले जानकारी दिए ।

एक महिनाभित्रै पर्सामा बाघको आक्रमणबाट ज्यान गुमाउनेको संख्या दुई पुगेको छ । यसअघि पटेर्वा सुगौली गाउँपालिकामा बाघको आक्रमणबाट एक पुरुषको मृत्यु भएको थियो ।

***(बाँकी अन्तिम पृष्ठमा)***

## छिपहरमाई गाउँपालिका

**छिपहरमाई गाउँ कार्यपालिकाको कार्यालय**
**भिस्वा, पर्सा**
**मधेश प्रदेश, नेपाल**

### करारमा सेवा लिने सम्बन्धि सूचना

**पहिलो पटक सुचना प्रकाशित मिति : २०८०।१२।०६**

छिपहरमाई गाउँपालिका गाउँ गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमका करार सेवामा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले दस्तुर तिरेको रसिद तथा तोकिएको कागजात सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र अन्य जानकारी कार्यपालिकाको कार्यालय भिस्वाबाट उपलब्ध हुनेछ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | मांग पद संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| ०१ | १९।२०८०।८१ | अ.न.मी. | चौथा | २ (दुई) | रु ७००।०० |

**१. आवश्यक न्युनतम योग्यता र अनुभव**
– नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा उत्तिर्ण गरी काउन्सिलमा दर्ता भई अध्यावधिक भएको ।
– दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ।
– कुनै पनि कानुनले अयोग्य नभएको ।

**२. दरखास्त दिने स्थान :** छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०८०।१२।२० गते मंगलवार सम्म ।

**४. छनौटको किसिम :** लिखित तथा अन्तर्वार्ता ।

**५. राजस्व बुझाउने खाताको नाम र नं. :** ग १.१ आन्तरिक राजश्व खाता नं. L6CA000187452406

**६. आवेदन साथ संलग्न कागजातहरु :**
– नागरिकता
– न्युनतम योग्यताको लाबधांक प्रमाण पत्र
– चारित्रिक प्रमाण पत्र
– काम संग सम्बन्धित अनुभव भए सोको कागजात
– ३ प्रति पासपोर्ट साईजको फोटो

**७.सेवा सुविधा :** नेपाल सरकार स्केल बमोजिम ।

**प्रमुख प्रशासकीय अधिकृत**